# बेलका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## रामपुर, उदयपुर
## कोशी प्रदेश, नेपाल

## आ.व. २०८०/०८१ को लागि नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) उत्खनन्, संकलन तथा विक्री कर उठाउने सम्वन्धी (बढाबढ) बोलपत्र आव्हानको सूचना

**चौथौं पटक प्रकाशित मितिः २०८०/१२/१६**

यस नगरपालिकाको कार्यालयबाट नेपालको संविधान, २०७२ को अनुसूची-८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २(घ) को (६) र दफा ६४ को उपदफा १ (च) र बेलका नगरपालिका, नगर कार्यपालिकाको निर्णय बमोजिम स्थानीय तहको अधिकार क्षेत्र भित्रका तपसिलमा उल्लेखित नदी तथा खोलाहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गरी नगरपालिकाले तोकेको दरमा विक्रि गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धी कर दर्ता प्रमाणपत्र, आर्थिक वर्ष २०७९/०८० को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरू संलग्न गरी तपसिल बमोजिमको शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| सि.नं. | बोलपत्र नं. | बोलपत्रको नाम | ढुङ्गा, गिट्टी तथा बालुवाको सङ्कलन/उत्खनन् परिमाण (घ.मी.) | | | न्यूनतम बोलपत्र रकम (मू.अ.कर बाहेक) (रू.) | धरौटी रकम (रु.) | बोलपत्र दस्तुर (रू.) |
|---|---|---|---|---|---|---|---|---|
| | | | ढुङ्गा | गिट्टी | बालुवा | | | |
| १. | 05/BELAKA/REVENUE/NCB/GO/2080-081 | गिदेरी खोला (वडा नं. ३ र ५), मैनी खोला (वडा नं. ५) र खरोरीया खोला (वडा नं. १) क्षेत्रबाट दिगो रुपमा ढुङ्गा, गिट्टी तथा बालुवाको सङ्कलन/उत्खनन् | ५,०५०.०० | ६,६००.०० | ४,८५०.०० | ३९,०८,१५८.०० | कबोल अंकको ५ प्रतिशत | ३,०००.०० |

**शर्तहरुः**

१. चौथौं पटक सूचना प्रकाशित भएको मितिले ८ औं दिन (सार्वजनिक बिदा भए कार्यालय खुलेको दिन) १२.०० बजे सम्म उल्लेखित बोलपत्र दस्तुर (पछि फिर्ता नहुने गरी) वुझाएको नगदी रसिद वा कुमारी बैंक स्थित Belaka Na.Pa-Antarik Rajashwa Khata Ga 1.1 खाता नं. ०७७००४०२७४२००००७ मा नगद जम्मा गरेको सक्कल भौचर साथ उल्लेखित कागजातहरु पेश गरी बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np/egp बाट मात्र बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवश्था गरिएको छ ।

२. सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np/egp मार्फत पेश गर्ने अन्तिम दिनको १:०० बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधीहरुको रोहोवरमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि सो बोलपत्र खोल्न कुनै वाधा पर्ने छैन ।

३. बोलपत्र फारामसाथ उल्लेखित जमानत/धरौटी रकम यस कार्यालयको कुमारी बैंक लि. बेलका शाखा स्थित Belaka Na.Pa- Dharauti Khata Ga-3 खाता नं. ०७७००४०२७४२००००४ मा जम्मा गरी सो को सक्कल बैंक भौचर वा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले जारी गरेको कम्तीमा बोलपत्र पेश गर्ने अन्तिम दिन देखि १२० दिन म्याद भएको बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ । धरौटी वापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाईनेछैन । उक्त बैंक जमानत वा नगद धरौटी रकम नियमानुसार फिर्ता गरिनेछ ।

४. उल्लेखित न्यूनतम बोलपत्र रकममा १३% मू.अ.कर र १.५% अग्रिम आयकर लाग्नेछ ।

५. कार्यालयले तोकेको बाकी अन्य शर्तहरू तथा विस्तृत जानकारीका लागि बेलका नगरपालिका रामपुर, उदयपुरको वेबसाईट https://belakamun.gov.np/ मा हेर्न वा कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**